एक नमूना कानुनको छोटो निर्देशिका

मानव अधिकार रक्षकहरूको मान्यता र संरक्षणका लागि तयार पारिएको

परिचय

मानव अधिकार रक्षकहरुलाई सुरक्षित, सबल वातावरणमा, बिना त्रास, प्रतिशोध र अनुचित बन्देज काम गर्नका लागि उनीहरुको कानूनी मान्यता र संरक्षण अत्यावश्यक हुन्छ।

सन् २०१६ मा मानव अधिकार रक्षकहरुको मान्यता र संरक्षणका लागि बनेको यस नमूना कानूनलाई अवलम्बन गरिएको हो । अवलम्बन अघि, सम्पूर्ण भौगोलिक क्षेत्रहरुबाट लगभग ५०० मानव अधिकार रक्षकहरुसँग सहकार्य र २८ जना उच्चस्तरिय विज्ञहरु र विधिशास्त्रीको सहयोग र समर्थन प्राप्त गरियो । "व्यक्ति, समूह, र समाजका अङ्गहरुको विश्वव्यापी मान्यता प्राप्त मानव अधिकार र आधार भूत स्वतन्त्रताको संवर्धन र सुरक्षा गर्ने अधिकार र दायित्वसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय घोषणापत्र "मानव अधिकार रक्षकहरुको संयुक्त राष्ट्रसङ्घीय घोषणापत्र" को राष्ट्रिय स्तरमा पूर्ण र प्रभावकारी कार्यन्वयन गर्नका लागि, राष्ट्र, मानव अधिकार रक्षकहरु तथा अन्य पक्षहरुलाई निर्देशन र सहयोग गर्ने नमूना कानूनको उद्देश्य रहेको छ।

नमूना कानून एक लामो, विस्तृत र प्राविधिक दस्तावेज हो, जसमा, नमूना कानूनका प्रावधान, प्रावधानका श्रोत र आधारहरु सहित टिप्पणी समाविष्ट छन् । यो छोटो निर्देशिका नमूना कानूनको सहयोगीका रुपमा आएको छ । मानव अधिकार रक्षकहरुका अधिकार र राज्यको दायित्वबारे नमूना कानूनका प्रावधानहरुको जानकारी छिटोछरितो रुपमा सम्प्रेषण गर्न, पाठकमैत्री र पहुँचयोग्य बनाउने उद्देश्यले छोटो निर्देशिका तयार पारिएको छ । प्रस्तूत निर्देशिकालाई नमूना कानून सँगसँगै पढ्नुपर्नेछ।

निर्देशिका तयार गर्न सहयोग गर्नुभएका फ्रन्ट लाइन डिफेन्डर्स प्रति हामी आभारी छौँ।

International Service for Human Rights

FRONT LINE DEFENDERS

[1] https://ishr.ch/defenders-toolbox/model-law/

दफा १

उद्देश्यः

सबैका मानव अधिकार र स्वतन्त्रताहरु को संवर्धन वा संरक्षण गर्ने सम्बन्धित व्यक्तिहरु को संवर्धन र संरक्षण गर्ने ।

परिच्छेद १

दफा ३

मानव अधिकार र मौलिक स्वतन्त्रताको प्रवर्धन र संरक्षण गर्ने अधिकारः

प्रत्येकले आफ्नो क्षेत्र, देश र अन्तर्राष्ट्रिय तहमा, अधिकार र स्वतन्त्रताहरु को संरक्षणका लागि प्रयत्नशील हुन पाउनेछन् ।

परिच्छेद २

दफा २

मानव अधिकार र क्षकको परिभाषाः

कुनै पनि व्यक्ति, जो व्यक्तिगत रूपमा वा अरूसँग मिलेर, कुनै पनि ठाउँमा, मानव अधिकारको संरक्षण गर्ने वा मानव अधिकार संरक्षण र प्राप्तिका लागि प्रयत्नरत हुने व्यक्ति ।

परिच्छेद २

दफा ४

समूह, संघ र सङ्गठनहरू गठन गर्ने अधिकार

प्रत्येकले मानव अधिकार र मौलिक स्वतन्त्रताहरुको संरक्षण र प्राप्तिका लागि, औपचारिक वा अनौपचारिक समूह, संघ र सङ्गठनहरू गठन गर्ने, सोको सदस्य हुने र तिनमा सहभागी हुन सक्नेछन् ।

परिच्छेद २

दफा ५

श्रोतसंसाधनहरूको माग, प्राप्त र उपयोग गर्ने अधिकारः

प्रत्येकले मानव अधिकारहरु को संरक्षण र प्राप्तिका लागि विभिन्न स्रोतसंसाधनहरूको प्रयोग गर्न सक्नेछन् ।

परिच्छेद २

दफा ७

मानव अधिकार सम्बन्धी विचारहरूको विकास र वकालत गर्ने अधिकार

प्रत्येकले मानव अधिकार र स्वतन्त्रताहरु-सम्बन्धी मौलिक विचार हरूको विकास र प्रवर्धन गर्न सक्नेछन् ।

परिच्छेद २

दफा ६

जानकारी खोज्ने, प्राप्त र प्रवाह गर्ने अधिकारः

प्रत्येकले मानव अधिकार र मौलिक स्वतन्त्रतासम्बन्धी स्वतन्त्र रूपमा प्रवाह गर्न सकिने जानकारी, सरकारी तथा व्यावसायिक संस्थाहरूबाट प्राप्त गर्न सक्नेछन् ।

परिच्छेद २

दफा ८

गैरसरकारी, सरकारी र अन्तरसरकारी सङ्गठनहरूसँग सम्पर्क गर्ने अधिकारः

प्रत्येकले मानव अधिकार र मौलिक स्वतन्त्रतासम्बन्धी स्वतन्त्र रूपमा प्रवाह गर्न सकिने जानकारी, सरकारी तथा व्यावसायिक संस्थाहरूबाट प्राप्त गर्न सक्नेछन् ।

परिच्छेद २

दफा ९

अन्तर्राष्ट्रिय र क्षेत्रीय मानव अधिकार निकाय र संयन्त्रहरुसँग पहुँच, कुराकानी र सहकार्य गर्ने अधिकारः

प्रत्येकले मानव अधिकार निकाय, संयन्त्र र कार्यादेशवाहकहरुसँग कुराकानी र सहकार्य गर्न सक्नेछन् ।

परिच्छेद २

दफा ११

शान्तिपूर्ण भेला हुन अधिकारः

प्रत्येकले मानव अधिकारसम्बन्धी शान्तिपूण कार्यका लागि, सार्वजनिक र निजी ठाउँमा, शान्तिपूर्ण रूपमा योजना बनाउने, आयोजन गर्ने वा भेट्ने, भेला हुने र सूचना प्रवाह गर्न सक्नेछन् ।

परिच्छेद २



दफा १०

सार्वजनिक मामिलामा भाग लिने अधिकारः

प्रत्येकले सार्वजनिक मामिलामा र मानव अधिकार र मौलिक स्वतन्त्रताहरुको विषयमा आफ्नो राज्यका सरकारमा विचारहरू राख्न र सहभागी हुन सक्नेछन् ।

परिच्छेद २

दफा १२

प्रतिनिधित्व र वकालत गर्ने अधिकारः

प्रत्येकले सार्वजनिक प्रत्येकले मौलिक अधिकार र स्वतन्त्रताहरुको प्रवर्धन र संरक्षणका लागि, व्यक्तिगत रुपमा र अरु को सहयोगमा, प्रतिनिधित्व गर्ने वा अर्काको प्रतिनिधि स्वरूप काम गर्न सक्नेछन्

परिच्छेद २



दफा १३

आवतजावत गर्ने स्वतन्त्रताः

प्रत्येकले, स्वतन्त्र रूपले आवतजावत गर्ने, आवास रोज्ने र देशभित्र मानव अधिकारसम्बन्धी शान्तिपूर्ण गतिविधिहरू गर्न सक्नेछन् र सोका कारण कसैलाई देशबाट निष्कासन गरिने छैन ।

दफा १५

त्रास वा प्रतिशोधबाट स्वतन्त्रताः

कसैविरुद्ध पनि मानव अधिकार रक्षक भएको हैसियत वा सो बमोजिम गरिने कामका आधारमा त्रास वा प्रतिशोधजन्य कार्य गरिनेछैन ।

दफा १४

गोपनीयताको अधिकारः

प्रत्येकलाई आफ्नो परिवार, आवास, कार्यस्थल र पत्राचारको गोपनीयतामा गैरकानूनी हस्तक्षेपबाट स्वतन्त्रता हुनुपर्नेछ ।

दफा १६

मानहानि र सामाजिक रूपमा कलङ्कित बनाइने कार्यबाट स्वतन्त्रताः

प्रत्येकले, स्वतन्त्र रूपले प्रत्येकलाई मानव अधिकारसम्बन्धी काम वा गतिविधिका कारण, अन्लाईन र अफ्लाईन, मानहानि, सामाजिक रुपमा कलङ्कित बनाउने कार्य र उत्पीडनाबाट स्वतन्त्रता हुनुपर्नेछ

दफा १७

सांस्कृतिक अधिकार प्रयोग गर्ने अधिकार र व्यक्तित्वको विकासको अधिकारः

प्रत्येकले सांस्कृतिक अधिकार उपभोग गर्न लगायत मानव अधिकार र मौलिक स्वतन्त्रताहरुको उल्लङ्घन गर्ने प्रथा, रीतिविरुद्ध आवाज उठाउन सक्नेछन् ।

परिच्छेद २

दफा १९

मानव अधिकार रक्षकहरूको अधिकार मा सीमितताः

अन्तर्राष्ट्रिय मानवअधिकार प्रदत्त दायित्व र मापदण्डहरु बमोजिम मात्र मानव अधिकार रक्षकहरुको अधिकार मा सीमितता लगाउनुपर्नेछ ।

परिच्छेद २

दफा १८

प्रभावकारी उपचार र पूर्ण परिपूरणको अधिकारः

यस कानूनमा उल्लिखित अधिकार हनन् भएको खण्डमा कोही पनि व्यक्ति अदालत वा न्यायाधिकरणमा उपचारका लागि जान सक्नेछन् र उजुरी स्वयम्ले वा सहयोगी, प्रतिनिधि, परिवार वा संस्थाले दिन सक्नेछन् ।

परिच्छेद २

दफा २०

अन्य अधिकार र स्वतन्त्रता प्रभावित नहुनेः

मानव अधिकार रक्षकको संरक्षणलाई अझै सबल बनाउने कानून वा संयन्त्रहरुलाई यस कानूनले प्रभाव पार्नेछैनन् ।

परिच्छेद २



दफा २१

मानव अधिकार र मौलिक स्वतन्त्रताहरुको रक्षा गर्ने दायित्वः

प्रत्येक व्यक्तिको मानव अधिकार र मौलिक स्वतन्त्रताहरुको रक्षा गर्ने र प्रजातान्त्रिक समाज, निकाय र प्रकृयाहरु कमजोर नबनाउने दायित्व छ ।

परिच्छेद २

दफा २३

मानव अधिकार रक्षकका गतिविधि र कामलाई सहजीकरण गर्ने दायित्वः

सार्वजनिक निकायहरुले मानव अधिकार रक्षकहरु लाई यस कानून अन्तर्गतका अधिकारको प्रयोग गर्नका लागि आवश्यक ठाउँ र सूचनामा पहुँच दिलाई सहजीकरण गर्नुपर्नेछ ।

परिच्छेद ३

दफा २२

मानव अधिकार रक्षकका मानव अधिकारको सम्मान, प्रवर्धन, संरक्षण एवम् परिपालना गर्ने दायित्वः

सार्वजनिक निकायहरुले र क्षकका मानव अधिकार र स्वतन्त्रताहरु र कानूनको संरक्षण प्रत्याभूत गर्ने र काम गर्न सुरक्षित वातावरण सुनिश्चित गर्नुपर्नेछ ।

परिच्छेद ३

दफा २४

मानव अधिकार र मौलिक स्वतन्त्रता सम्बन्धी सामाग्रीमा निशुल्क पहुँच प्रदान गर्ने दायित्वः

सार्वजनिक निकायहरुले मानव अधिकार र मौलिक स्वतन्त्रतासम्बन्धी अफ्लाईन र अन्लाईन सामाग्री, उपलब्ध गराई पहुँच प्रदान गर्नुपर्नेछ ।

परिच्छेद ३

दफा २५

गोपनीय स्रोतहरू नखुलाउने दायित्वः

कसैलाई पनि स्रोतहरूको पहिचान खुलासा गर्न लगाउनुहुँदैन । स्रोतको सहमतिमा वा अन्तर्राष्ट्रिय मापदण्ड अनुसार अदालतद्वारा आदेश भएमा मात्र सार्वजनिक निकायहरुले पहिचान खुलासा गर्न सक्नेछन् ।

परिच्छेद ३

दफा २६

त्रास वा प्रतिशोध विरुद्ध सुरक्षा सुनिश्चित गर्ने दायित्वः

रक्षकविरुद्ध हुन सक्ने त्रास र प्रतिशोधको निवारण र संरक्षण गर्न सार्वजनिक निकायहरुले उपायहरु अपनाउँनुपर्नेछ ।

परिच्छेद ३

दफा २७

स्वेच्छाचारी वा गैरकानूनी घुसपैठ र हस्तक्षेपविरुद्ध संरक्षण सुनिश्चित गर्ने दायित्वः

सार्वजनिक निकायहरुले गैरकानूनी अफ्लाईन र अन्लाईन हस्तक्षेपविरुद्ध संरक्षण सुनिश्चित गर्नुपर्नेछ ।

परिच्छेद ३

दफा २८

अनुसन्धान गर्ने दायित्वः

कुनै मानवअधिकार रक्षकको अधिकारको उल्लङ्घन भएको विश्वास गर्ने उचित आधार भएमा, सम्भावित उल्लङ्घनको उपयुक्त अनुसन्धान मानवअधिकार रक्षकका संयन्त्रसँग परामर्श गरी, अनुसन्धानको स्थितिको बारेमा पीडित वा उनको परिवारलाई जानकारी दिई गर्नुपर्नेछ ।

परिच्छेद ३

दफा २९

प्रभावकारी उपचार र पूर्ण परिपूरण सुनिश्चित गर्ने दायित्वः

यस कानून अन्तर्गत भएका अधिकारहरूको उल्लङ्घन भएको अवस्थामा सार्वजनिक निकायहरुले प्रभावकारी उपचार उपलब्ध गराउनुपर्नेछ ।

परिच्छेद ३

दफा ३१

मानव अधिकार शिक्षाको प्रवर्द्धन र सहजीकरण गर्ने दायित्वः

मानव अधिकार, मानव अधिकार रक्षक र यस कानून सम्बन्धी प्रशिक्षणका लागि सार्वजनिक निकायहरु ले प्रवर्धन गर्ने र पर्याप्त श्रोत उपलब्ध गराउनुपर्नेछ ।

परिच्छेद ३

दफा ३०

त्रास र प्रतिशोधजन्य कार्यलाई अपराधिकरण गर्ने दायित्वः

कुनै व्यक्तिउपर मानवअधिकार रक्षकको हैसियतले वा सो बमोजिम गरेको कामका कारण त्रास वा प्रतिशोधजन्य कार्य, भएमा, सो अपराध मानिनेछ र निकायद्वारा अभियोजित हुनुपर्नेछ ।

परिच्छेद ३

दफा ३२

संरक्षण र तत्काल सुरक्षा उपायहरू कार्यान्वयन गर्ने दायित्वः

यस कानून अन्तर्गत संरक्षण उपायहरू निकायहरुले कार्यान्वयन गर्नुपर्नेछ ।

परिच्छेद ३

दफा ३३

विदेशमा रहेका मानव अधिकार र क्षकहरुलाई सहयोग गर्ने दायित्वः

मानव अधिकार रक्षक भएर काम गरेका कारणले त्रास वा प्रतिशोधको पीडा भोगेका विदेशमा रहेका मानव अधिकार रक्षकहरुलाई सार्वजनिक निकायहरुले सहयोग गर्नुपर्नेछ ।

परिच्छेद ३

दफा ३५

नागरिक समाजसँग परामशः

सक्षम निकायले काम गर्दा नागरिक समाजकर्मीहरू र मानव अधिकार रक्षकहरुसँग परामर्श गर्नुपर्नेछ ।

परिच्छेद ४

दफा ३४

मानव अधिकार र क्षकका संरक्षणको लागि संयन्त्र स्थापना :

सक्षम निकायले मानव अधिकार रक्षकहरुको संरक्षण हेतु संयन्त्र स्थापना गर्नुपर्नेछ ।

परिच्छेद ४

दफा ३६

स्रोत र संसाधनहरूः

संरक्षण संयन्त्रले प्रभावकारी रुपमा कार्य सम्पन्न गर्न पर्याप्त स्रोतसंसाधनहरू पाउनेछन् ।

परिच्छेद ४

दफा ३७

प्रशिक्षण र परीक्षण:

संयन्त्रमा संलग्न व्यक्तिहरु लाई मानव अधिकार रक्षकहरुका अवस्था र संरक्षणबारे प्रशिक्षित गर्नुपर्नेछ ।

परिच्छेद ४

दफा ३८

परिभाषाहरु:

यस निर्देशिकामा "मानव अधिकार" भन्नाले यस नमूना कानूनमा परिभाषित "मानव अधिकार र मौलिक स्वतन्त्रताहरु" लाई जनाउँनेछ ।

यस निर्देशिकामा "त्रास वा प्रतिशोध" भन्नाले यस नमूना कानूनमा परिभाषित "त्रास वा प्र तिशोध" लाई जनाउँनेछ ।

यस नमूना कानूनमा "सहयोगी", "कोष", "संयन्त्र", "संरक्षण उपायहरु" र "सार्वजनिक निकाय" अन्य परिभाषित भएका छन् ।

परिच्छेद ५

दफा ३९

अविभेदकारी रुपमा लागू हुने:

प्रस्तुत कानून सबै मानव अधिकार रक्षकहरु लाई लागू हुनेछ ।

परिच्छेद ५

संरक्षण संयन्त्रसम्बन्धी थप प्रावधानहरू

मानव अधिकार रक्षकहरुलाई संरक्षण प्राप्तिको प्रक्रिया

संरक्षण उपायहरुका लागि कुनै मानव अधिकार रक्षक वा कोही सम्बन्धितले निवेदन दिन सक्ने ।

तत्काल त्रास वा प्रतिशोधको जोखिम देखिएमा ६ घण्टा भित्र संयन्त्रले त्रास वा प्रतिशोधको वास्तविक जोखिम भएको वा नभएको निर्धारण गर्नुपर्नेछ । अन्य सबै अवस्थामा दुई हप्तासम्म लाग्नसक्नेछ ।

संयन्त्रको निर्णय र निर्णयका कारणहरु निवेदकलाई लिखित रुपमा सूचित गरिनेछ । निवेदन स्वीकृत भएको अवस्थामा संरक्षण उपायहरुबारे जानकारी उपलब्ध गराउनुपर्नेछ ।

संयन्त्रले संरक्षण उपायहरु सम्बन्धी निर्णयहरुको आवधिक पुनस मीक्षा गर्न सक्नेछ । सो निर्णय उपर निवेदकले पुनरावलोकनका लागि अदालत वा न्यायधिकरणमा आवेदन दिन सक्नेछ ।

अनुसूची १ दफाहरु १ – ७

दफा २

असंगतिको घोषणा:

यस कानूनसँग अन्य कानूनी प्रावधान बाझिएको घोषणा गर्ने अधिकार अदालत र न्यायधिकरणहरुसँग हुनेछ ।

अनुसूची २
दफा २

दफा १

नमूना कानूनसँगत हुने व्याख्या:

कुनै पनि कानूनी प्रावधानको व्याख्या र प्रयोग यस कानूनमा तोकिएका अधिकारहरु सँगत हुनुपर्नेछ ।

अनुसूची २
दफा १

दफा ३

असंगतिको घोषणाको परिणाम:

अन्य कुनै कानूनको प्रावधान असंगत भएको घोषणा गरिएमा सम्बन्धित मन्त्रीले सोबारे सरकारी प्रतिक्रियाका विषयमा सल्लाह सुझाव सहित राय प्रतिवेदन पेश गर्नुपर्नेछ

अनुसूची २
दफा ३

दफा ४

संगतिको घोषणाः

प्रस्तुत कानून पश्चात् निर्मित कानूनी प्रावधानहरुको संगतिको घोषणा तयार गर्नुपर्नेछ ।

अनुसूची २
दफा ४

दफा ५

विधायिकी संगतिको समीक्षाः

प्रस्तुत कानून लागू भएको ३ बर्ष भित्र सो कानूनसँग सबै विद्यमान कानूनहरूको संगति भए नभएको समीक्षा प्रतिवेदन तयार गर्नुपर्नेछ ।

अनुसूची २
दफा ४

हाम्रो कामको वा यस प्रकाशनमा समेटिएका
कुनै पनि मुद्दाहरू बारेमा अधिक जानकारीको लागि
कृपया हाम्रो वेबसाइट हेर्नुहोस् : www.ishr.ch वा
हामीलाई सम्पर्क गर्नुहोस्: information@ishr.ch

www.facebook.com/ISHRGlobal

www.twitter.com/ISHRGlobal

जेनेभा कार्यालय

Rue de Varembé 1, 5th floor
P.O. box 16
CH-1211 Geneva 20 CIC
Switzerland

न्यूयोर्क कार्यालय

777 UN Plaza, 7th floor
New York, NY 10017
USA

International Service
for Human Rights